## घिरिङ गाउँपालिका

## गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/०३ मिति : २०८०/०६/०५

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) समिक्षा सम्वन्धमा

२) प्रशासकीय भवन बजेट व्यवस्थापन सम्वन्धमा ।

३) सडक सरसफाई सम्वन्धमा ।

४) सभा हल निर्माण सम्वन्धमा ।

५) देउराली खोप केन्द्रको संरचना निर्माण सम्वन्धमा ।

६) डिजीटल नागरिक वडापत्र वडा नं.४ र ५ मा राख्ने सम्वन्धमा ।

७) सामुदायी विद्यालयमा प्रविधि जन्य सामाग्री खरिद र वितरण सम्वन्धमा ।

८) सामुदायी विद्यालयमा लेखा परिक्षण सम्वन्धमा ।

९) रकमान्तर सम्वन्धमा ।

१०, विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा ।

निर्णय १ प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफाल सहित शिक्षा कार्यदल संयोजनक श्री भिम बहादुर कुमाल र जे.सि.वि.संचालन संयोजक श्री तहल सिंह थापाले आ आफनो कार्य प्रगति प्रस्तुत साथै अन्य विषयहरुमा पनि समिक्षा गरियो ।

निर्णय २)प्रस्ताव नं.२ माथि छलफल गर्दा गाउँपालिका प्रशासकीय भवनको माथिल्लो तला निर्माणका लागि प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयलाई ५० प्रतिशत साझेदारीमा बजेट व्यवस्थापन गरिदिनका लागि अनुरोध गर्ने । गाउँपालिकाले व्यहोर्नु पर्ने साझेदारीका लागि आवश्यक पर्ने रकम पालिकाको बजेट तथा कार्यक्रममा रहेकोले प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयसँग आवश्यप्रक्रिया र सम्झौता पश्चात पालिकाले टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

होम बहादुर थापा
अध्यक्ष

निर्णय ३) प्रस्ताव नं.३ माथि छलफल गर्दा हाल संचालनमा रहेका मोटर बाटोहरुको सरसफाईको काम प्राथमिकताको आधारमा तत्काल अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ४) प्रस्ताव नं.४ माथि छलफल गर्दा गाउँपालिका स्तरीय सभाहल निर्माणका लागि प्रदेश सरकारबाट विनियोजित सशर्त शिर्षकको ४० लाख र जिल्ला समन्वय समितिलाई बजेट व्यवस्थापनका लागि अनुरोध गरिएकोमा जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम गरी सभाहलको टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ५) प्रस्ताव नं.५ माथि छलफल गर्दा देउराली खोप केन्द्रमा संचालन भएको स्वास्थ्य सेवाका लागि तत्काल आवश्यक रहेको शौचालय,सेवा ग्राहीलाई बस्नका लागि आवश्यक रहेको टस समेत अन्य निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ६) प्रस्ताव नं.६ माथि छलफल गर्दा वडा नं.४ र ५ मा डिजिटल नागरिक वडा पत्र राख्ने सो को लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय७)प्रस्ताव नं.७माथि छलफल गर्दा पालिका भित्र रहेका सामुदायी विद्यालयहरुमा माग र आवश्यकताको आधारमा प्रविधि जन्य सामाग्री खरिद गरी वितरणको काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ८) प्रस्ताव नं.८ माथि छलफल गर्दा पालिका भित्र रहेका सामुदायी विद्यालयहरुको गत आ.व.को लेखा परिक्षणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ९) प्रस्ताव नं.९ माथि छलफल गर्दा चालु आ.व.मा सि.नं.८३ **अर्जेलखोला कल्वर्ट वडा नं.१** को रु.१०,००००।०० अक्षरुपी दश लाख रुपया मात्र **धुलीखेल अस्पताल जाने बाटो निर्माणका** लागि रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय १०) प्रस्ताव नं.१० माथि छलफल गर्दा प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम म्याद नरहेका विद्यालय व्यवस्थापन समितिको यथाशीघ्र पुनर्गठन गर्न ताकेता गर्ने र पुनर्गठन नगरेमा आधिकारीकता खारेज गर्ने निर्णय गरियो ।

तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

| क.सं. | नाम थर | ठेगाना | विवरण | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | श्री भिम बहादुर थापा | घिरिङ ४ | उपचार खर्च | १०,०००.०० | |
| २ | श्री चुनी माया वि.क. | घिरिङ ३ | उपचार खर्च | ६,०००.०० | |
| ३ | श्री लिल बहादुर राना | घिरिङ ३ | उपचार खर्च | १०,०००.०० | |
| | | | | | |

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

**बैठक संख्या: २०८०।०८१ – ०३**

बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।

मिति र समयः वि. स. २०८० साल असोज ०५ गते शुक्रबार समयः दिनको ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री विष्णु प्रसाद पोखरेल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर बहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | | राष्ट्र सेवक कर्मचारीहरु | | |
| १५ | पुष्कराज लामिछाने | अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

होम बहादुर थापा
अध्यक्ष